ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 2.**
**Double Blind Peer Reviewed Research Article**

# त्रि.वि. स्नातकोत्तर तहमा तवला विषयको पाठ्यक्रमको वर्तमान अवस्था

मधुसुदन गैरापिप्ली#*
#तबला शिक्षक, ललितकला केन्द्रीय विभाग, त्रि .वि., कीर्तिपुर ।
*Corresponding Author: masugairapipli@gmail.com

**Citation:** गैरापिप्ली, मधुसुदन (2025). त्रि.वि. स्नातकोत्तर तहमा तवला विषयको पाठ्यक्रमको वर्तमान अवस्था. *Journal of Fine Arts Campus, 7*(2). 50-56.
https://doi.org/10.3126/jfac.v7i2.98216

**लेखसार**

सङ्गीतकला ललितकला अन्तर्गतको एक महत्त्वपूर्ण विधा हो । गायन, वादन र नृत्यलाई समग्रमा सङ्गीतद्वारा परिभाषित गरिन्छ । वादन अन्तर्गत तालवाद्यलाई सङ्गीतको महत्त्वपूर्ण अङ्गको रूपमा लिइन्छ। प्रयोगको सन्दर्भमा शास्त्रीय सङ्गीतमा तवला सबभन्दा प्रचलित तालवाद्य हो। दुवै हातले बजाइने जोडी अवनद्ध वाद्यहरू नेपालमा प्राचीनकालदेखि नै सिक्ने सिकाउने प्रचलन रहेको इतिहास पाइन्छ । नेपालमा उच्च शिक्षाको विकासका लागि त्रिभुवन विश्वविद्यालयको स्थापना भएसँगै सङ्गीत विषयको औपचारिक अध्ययन अध्यापन सुरु भएको हो र सङ्गीतसँगै तवला विषयको पनि औपचारिक अध्ययन सुरु भएको हो। वर्तमान समयमा तवला मुख्य विषय अन्तर्गत ललितकला क्याम्पसमा चार वर्षको स्नातक कार्यक्रम र त्रि.वि. ललितकला केन्द्रीय विभागमा चार सेमेस्टरमा आधारित स्नातकोत्तर कार्यक्रम सञ्चालनमा छ। प्रस्तुत लेखमा पाठ्यक्रम के हो? पाठ्यक्रमको उद्देश्य कस्तो हुनुपर्छ? भन्ने विषयहरूको उठानसँगै स्नातकोत्तर तवला विषयको पाठ्यक्रमलाई विश्लेषणको मुख्य विषय बनाइएको छ। यस पाठ्यक्रमको समग्र संरचना र स्वरूपको विषयमा जानकारी गराउँदै यसका सकारात्मक र सुधार गर्नुपर्ने विषयमा विश्लेषण गरिएको छ। पाठ्यक्रम कार्यान्वयन गर्ने त्रि.वि. ललितकला केन्द्रीय विभाग, अध्ययनरत विद्यार्थी, भविष्यमा अध्ययन गर्न इच्छुक विद्यार्थी, सङ्गीत क्षेत्रका अनुसन्धानकर्ता र तवलाका विषय विज्ञहरूलाई यो पाठ्यक्रम सम्बन्धि जानकारि गराउने र अनुसन्धान कार्यमा सहयोग र मार्गदर्शनको अपेक्षा सहित यो शोध लेख तयार गरिएको छ।प्राथमिक र द्वितीयक माध्यमद्वारा तथ्य संकलन गरि लेख तयार गरिएको छ। भविष्यमा पाठ्यक्रम परिमार्जन, संशोधन आदि कार्यमा पनि सम्बन्धित विषय विज्ञहरूलाई टेवा पुग्ने उध्देश्य राखिएको छ ।

**शब्दकुञ्जी-** तवला, पाठ्यक्रम, स्नातकोत्तर, सङ्गीत शिक्षा ।

## परिचय

सङ्गीतकला ललितकला अन्तर्गतको एक महत्वपूर्ण कला हो । मानव सभ्यता सुरु भएसँगै सङ्गीतको विकास हुदै आएको पाइन्छ, त्यसैले सङ्गीतको सुरुवात कहिलेदेखि भयो भन्ने ठ्याक्कै प्रमाण पाइँदैन । पूर्वीय सभ्यतामा सृष्टिकाल देखि नै अझ भनौं देवी देवताको समयदेखि नै शिवजीको डमरू, कृष्णको वासुरी, सरस्वतीको वीणा, गणेशको मृदङ्ग आदि सन्दर्भबाट सङ्गीतकला एक प्राचीनकलाको रूपमा विकसित हुदै आएको कुरा निश्चय गर्न सकिन्छ । हाम्रा ऋषिमुनिहरूले सङ्गीत साधनाबाट परव्रम्हको उपासना गर्दै मोक्षको साधनको रूपमा सङ्गीतलाई अपनाएको पाइन्छ ।

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 2.**
Double Blind Peer Reviewed Research Article

प्राचीन ग्रन्थहरूमा सङ्गीतलाई 'गीतं वाद्यं तथा नृत्यं त्रयसङ्गीतमुच्यते' (शाङ्र्गदेव, सङ्गीत रत्नाकर) भनि परिभाषित गरिएको छ, जस अनुसार गायन वादन र नृत्य लाई सङ्गीत शब्द द्वारा परिभाषित गरिन्छ र सङ्गीतको यो परिभाषामा प्रायः सबै सङ्गीतज्ञआचार्यहरुको मतैक्यता पनि छ । सङ्गीत गुरूकुलीय पद्धतिमा आधारित भएर सिक्ने सिकाइने प्रचलन थियो, यस पद्धतिमा सङ्गीतमा रूची हुने मानिस गुरुको घरमै बसी गुरुको सेवा गरेर सङ्गीतको ज्ञान हासिल गर्ने प्रचलन थियो । आफ्नो चेलालाई कसरी दक्ष बनाउने भन्ने सम्पूर्ण कुरा गुरूको विवेकमा भर पर्थ्यो । यस पद्धतिका आफ्ना सकारात्मक र नकारात्मक पक्ष हुँदाहुदैं पनि आधुनिक शिक्षाको विकाससँगै गुरुकुलीय पद्धतिको स्वरूपमा पनि परिवर्तन भएको छ। वर्तमान समयमा संस्थागत, व्यक्तिगत र व्यावसायिक रुपमा औपचारिक र अनौपचारिक सङ्गीत प्रशिक्षण हुने गरेको छ ।

अनौपचारिक भन्नाले कुनै उपाधि प्राप्त गर्नका निम्ति नभई केवल सङ्गीतको सौख पुरा गर्न सङ्गीत सिक्ने पद्धति हो । आधुनिक कालको सुरुवातसँगै विशेषगरी राजदरबारमा सङ्गीतका गुरुलाई आश्रय दिएर राज परिवारका सदस्यलाई सङ्गीत सिकाउने प्रचलन थियो । 'नेपालमा प्राचीन समयदेखि नै राजदरबारहरूमा सङ्गीतकलाको शिक्षा तालिम दिने परिपाटी मध्यकाल चल्दै आएको पाइन्छ' ( पौडेल, २०८१, पृ.४३) । वि. सं. २००७ सालमा प्रजातन्त्रको उदयसँगै सङ्गीतकला पनि आम जनसमुदायको पहुँचमा पुगेको इतिहास छ र पछि औपचारिक सङ्गीत प्रशिक्षण सुरु भएसँगै कुनै संस्थाले निश्चित पाठ्यक्रममा आधारित भएर सङ्गीतको उपाधि (Degree) दिने गरी प्रशिक्षण सञ्चालन भएको पाइन्छ । नेपालमा सङ्गीतको औपचारिक शिक्षाको प्रारम्भ वि. सं. २००४ सालबाट भएको हो "वि. सं. २००४ मा काठमाडौँमा औपचारिक रुपमा खोलिएको पद्मकन्या हाइस्कूलको स्थापना पछि नेपालमा पहिलो औपचारिक सङ्गीत शिक्षा सुरु भएको हो" (पौडेल, २०८२, पृ. ४३)। विश्वविद्यालय तहमा भने वि. सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएसँगै पद्मकन्या कलेज मार्फत सङ्गीतको औपचारिक शिक्षा सुरु भएको हो (रेग्मी २०८०, पृ. २३२) । तत्पश्चात् वि. सं. २०३० सालमा रत्नराज्यलक्ष्मी क्याम्पस र वि.सं. २०३१ सालमा ललितकला क्याम्पसमा सङ्गीत विषय पठनपाठन सुरु भयो । यी क्याम्पसहरुमा सङ्गीत स्नातक तहसम्म मात्रै अध्ययन हुने गरेकोमा लामो अन्तराल पछि वि.सं. २०६७ सालमा स्नातकोत्तर (MFA)तह अध्ययनका लागि ललितकला केन्द्रीय विभाग स्थापना भयो । हाल यसै विभागद्वारा स्नातकोत्तर तहसँगै सङ्गीत विषयमा M.Phil. र PhD कार्यक्रमहरु सञ्चालनमा छन् । "यस प्रकार नेपालमै सङ्गीत विषयमा उच्च शिक्षा अध्ययनको अवसरको प्राप्तिलाई औपचारिक सङ्गीत शिक्षाको विकासमा कोशेढुङ्गा मानिएको छ" (रेग्मी २०८०, पृ. २३३)।

हाल त्रि.वि. अन्तर्गतका रत्नराज्यलक्ष्मी, पद्मकन्या र ललितकला क्याम्पस मार्फत गायन अन्तर्गत पूर्वीय शास्त्रीय सङ्गीतलाइ केन्द्रीत गरी शास्त्रीय, उपशास्त्रीय, लोकसङ्गीत, पाश्चात्य र सुगम शैली; वादन अन्तर्गत तवला, वाँसुरी, सितार, वेला आदि र नृत्य अन्तर्गत कत्थक र भारत नाट्यम प्रमुख विधाहरू तथा मौलिक नेपाली चर्या र लोकनृत्यहरूमा चारवर्षे स्नातक तह सञ्चालनमा छ । यसलाई आधार मानेर त्रि.वि. ललितकला केन्द्रीय विभागद्वारा सङ्गीतमा स्नातकोत्तर कार्यक्रम सञ्चालनमा छ, जसमा गायन र वादन (तवला, वाँसुरी, सितार आदि) विषयमा अध्ययन गराइन्छ । आगामि दिनहरूमा नृत्य तथा सङ्गीतशास्त्र विषयमा पनि स्नातोकोत्तर

तहमा पठनपाठनको ब्यवस्था भएमा नेपालमा सङ्गीतकलाको उच्च अध्ययनको लागि देशविदेशबाट विद्यार्थी आउने सम्भावना प्रवल देखिन्छ । यस विभागले त्रि.वि. नियमाअनुसार स्थापना कालदेखि वि.सं. २०७२सम्म वार्षिक प्रणाली आधारित दुई वर्षीय स्नातकोत्तर र हाल सेमेस्टर प्रणाली अन्तर्गत ४ सेमेस्टरमा आधारित स्नातकोत्तर (सङ्गीत तथा तबला विषयमा) कार्यक्रम सञ्चालन गरिरहेको छ ।

**तवला विषयको पठनपाठन**

तवला एक प्रचलित ताल वाद्य हो । सम्पूर्ण सङ्गीत नै तालमा आधारित हुने हुँदा सङ्गीतमा तालको ठूलो महत्व रहेको छ । चौथो शताब्दिका आचार्य भरतले आफ्नो कृति नाट्यशास्त्रमा ''यस्तु तालं न जानन्ति न स गाता न वादक'' अर्थात् ताल नजान्ने मानिस गायक र वादक हुन नसक्ने बताएका छन् । यसैगरी तेह्रौं शताब्दिका सङ्गीतरत्नाकरका रचयिता आचार्य शाङ्र्गदेवले ''गीतं वाद्यं तथा नृत्यं यतास्ताले प्रतिष्ठितम्'' भनेर तालको महत्वलाई दर्शाएका छन् । तालबिना सङ्गीत अपूर्ण हुने हुँदा ताल र तालवाद्यको भूमिका सङ्गीतमा महत्त्वपूर्ण रहेको छ । पूर्वीय सङ्गीतमा थुप्रै तालवाद्य प्रचलनमा रहे तापनि प्रयोगको सन्दर्भमा तवला वर्तमान अवस्थामा लोकप्रिय तालवाद्यका रुपमा परिचित छ । जोडी वाद्यको रुपमा रहेको दुवै हातले बजाउने अवनद्ध वाद्य तबलाको प्रयोग र लोकप्रियताले गर्दा विशेष तालवाद्यको रुपमा सर्व स्वीकार्य छ। ''वर्तमानमा दुई हातले बजाइने जोडी अवनद्ध वाद्यमा सर्वाधिक प्रसिद्ध एवं श्रेष्ठ बाध्य तवला हो । यसको प्रयोगले भारतीय सङ्गीतका सबै विदाहरुकोविद्याको कलात्मकतामा पूर्ण सहयोग प्रदान गर्दछ"( मिश्र, सन् २००६, पृ. १ )।

तवलाको महत्व र प्रयोगको हिसाबले यसको विविधताले गर्दा यसको औपचारिक अध्ययन विश्वविद्यालय स्तरमा हुँदै आएको छ । त्रि.वि ललितकला केन्द्रीय विभागमा स्थापनाकालदेखि तवला सङ्गत वाद्यको रूपमा रहेको र वि. सं. २०७४ सालदेखि मुख्य विषयको रूपमा अध्यापन हुँदै आएको छ । तवला लगायत सङ्गीत स्नातकोत्तर (MFA) कार्यक्रममा भर्ना हुन वि. सं. २०८० सालसम्म विद्यार्थीले तवला विषयमा अनिवार्य स्नातक गर्नुपर्ने नियम थियो । पछि ललितकला केन्द्रीय विभागले विभागमा भर्ना हुने न्यून विद्यार्थी संख्या र सङ्गीतमा रुचि हुने सबै विद्यार्थीले सङ्गीत उच्च शिक्षामा अवसर पाउनु पर्छ भन्ने हेतुले सो नियममा संशोधन गरेको छ । वि. सं. २०८० असोज २६ गते बसेको सङ्गीत विषय समितिको निर्णयानुसार त्रि.वि. वा मान्यता प्राप्त कुनै विश्वविद्यालयबाट कुनै पनि उपाधिमा स्नातक गरेको र स्नातकोत्तर गर्न चाहेको सङ्गीत विषयमा आधारभूत प्रशिक्षण लिएको विद्यार्थीले स्नातकोत्तर भर्ना हुन सक्ने नियम लागू गरेको हुँदा सोही बमोजिम नयाँ पाठ्यक्रम तयार गरी त्रि.वि. प्राज्ञिक परिषदद्वारा स्वीकृत भएपछि हाल सोहि अनुसार अध्ययन अध्यापन भइरहेको छ । यो पाठ्यक्रमलाई विषयबस्तु बनाएर कुनै विश्लेषणात्मक लेख रचना नआएको सन्दर्भमा स्नातकोत्तर तवला विषयको पाठ्यक्रम लागु गरेको ललितकला केन्द्रीय विभाग, अध्यापक, तवला विषयका विषयविज्ञ र विद्यार्थीलाई नयाँ पाठ्यक्रमको बारेमा जानकारी तथा मार्ग निर्देशनको अपेक्षा सहित यस शोधपरक लेख तयार गरिएको छ ।

**अध्ययन विधि**

यस लेखका लागि प्राथमिक र द्वीतियक माध्यमद्वारा तथ्य सङ्कलन गरिएको छ । संकलित तथ्यहरूलाई गुणात्मक विधि अपनाई व्याख्या र विश्लेषण गरिएको छ । प्राथमिक स्रोतका रूपमा सम्बन्धित विषयविज्ञ,

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 2.**
Double Blind Peer Reviewed Research Article

अध्यापक र विध्यार्थिहरूसँग अनौपचारिक साक्षात्कार गरिएको छ भने द्वितीयक स्रोतका रूपमा पुर्व प्रकाशित पुस्तक, लेख, समाचार आदिलाई उपयोग गरिएको छ।

**पाठ्यक्रम**

शब्दकोषका अनुसार पाठ्यक्रमलाई "कुनै कक्षामा पढ्ने पुस्तकका विषयको क्रम वा सूची" भनि परिभाषित गरिएको छ ( ढुङ्गाना ,२०५७ ,पृ.३१३) । कुनै शैक्षिक उद्देश्य प्राप्त गर्न बनाइएको निश्चित कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ। यस्ता कार्यक्रमद्वारा विषयवस्तु, शिक्षणविधि, लाग्ने समय, शिक्षणको तरिका, शैक्षिक सामग्रीको प्रयोग, मूल्याङ्कनको प्रणाली आदिको विस्तृत योजना निर्माण गरिएको हुन्छ । "यसरी शिक्षाको उद्देश्य प्राप्त गर्न तयार गरिएको व्यवस्थित कार्यक्रमलाई नै शिक्षाको पाठ्यक्रम भनिन्छ" (वेलवासे, २०७४, पृ. २)। निष्कर्षमा के भन्न सकिन्छ भने सिकाइको चौतर्फी विकासका लागि शैक्षिक संस्था भित्र गरिने सम्पूर्ण शैक्षिक कार्यक्रमको योजना नै पाठ्यक्रम हो।

विषय विज्ञसँग भएको ज्ञानसिप र धारणालाई सिकारु समक्ष कसरी सम्प्रेषण गर्ने भन्ने कुराको उल्लेख पाठ्यक्रममा गरिने हुँदा शिक्षण सिकाई पश्चात उनीहरूमा आशा गरे अनुसारको उपलब्धि भए नभएको मूल्याङ्कन विधि समेत पाठ्यक्रममा उल्लेख गरिएको हुन्छ । पाठ्यक्रमले विद्यार्थीको चाहना र समाजको आवश्यकतालाई समेत प्रतिनिधित्व गर्ने हुँदा सिकाई प्रक्रियामा पाठ्यक्रमको आवश्यकता रहन्छ (वेलवासे, २०७४,पृ. २)।

**स्नातकोत्तर तह तवला विषयको पाठ्यक्रमको स्वरूप र उद्देश्य**

सैद्धान्तिक र प्रयोगात्मक दुवै पक्ष समेटिएको यो पाठ्यक्रम २ वर्षभित्र चार सेमेस्टरमा पूर्ण हुने गरी तयार गरिएको छ। चार सेमेस्टरमा जम्मा ६३ क्रेडिट र १००८ कक्षा भार तोकिएको छ। सिकाइ उपलब्धि मूल्याङ्कन गर्नका लागि आन्तरिक र वाह्य मूल्याङ्कनको व्यवस्था गरिएको छ। सैद्धान्तिक र प्रयोगात्मक परीक्षा मार्फत मूल्याङ्कनको व्यवस्था गरी आन्तरिक तर्फ ४०% र वाह्य मूल्याङ्कनतर्फ ६०% को व्यवस्था छ। दोस्रो र चौथो सेमेस्टरमा मञ्च प्रदर्शनमार्फत विद्यार्थीको सिकाइ र सिप विकाशको मूल्याङ्कन गर्ने व्यवस्था गरिएको छ र मञ्चप्रदर्शनका लागि छुट्टै क्रेडिट Hour को व्यवस्था छ। मञ्चप्रदर्शनमा आवश्यक Sound System, Microphone जस्ता प्राविधिक विषय समेटिएको छ। तवलाका साथै नेपाली लोकवाद्यहरूको पनि अध्ययन समावेश गरिएको छ। तवलासँग सम्बन्धित सबै घरानालाई प्राथमिकतामा राखिएको छ। प्रचलित ताल, विषम मात्राका ताल, लयकारीमा जोड दिइएको छ। साथसंगतमा पनि तवलाको प्रयोगलाई समेटिएको छ। तवलाको लागि आवश्यक साथ - संगतको व्यवस्था पनि पाठ्यक्रममा निर्देशित छ। यो पाठ्यक्रमको मुख्य उद्देश्य सैद्धान्तिक र प्रयोगात्मक कक्षा, मञ्चप्रदर्शन, प्राविधिक ज्ञान, assignments, project work, शोधकार्य मार्फत विद्यार्थीलाई तवला विषयमा दक्ष बनाउने रहेको छ।

**छलफल र विश्लेषण**

विश्लेषण गर्दा यो पाठ्यक्रमले सन्तुलित रुपमा विषयवस्तु समेटेको देखिन्छ। सैद्धान्तिक पक्ष र प्रयोगात्मक पक्षको सन्तुलन नै यो पाठ्यक्रमको विशेषता हो ता पनि केही कमजोरीहरूलाई नकार्न भने सकिन्न। तुलनात्मक रुपमा थोरै विषयवस्तुलाई गुणात्मक रुपमा दक्ष बनाउने लक्ष्य यस पाठ्यक्रमले राखेको छ। प्रयोगात्मक तर्फ

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 2.**
**Double Blind Peer Reviewed Research Article**

विषयवस्तु कम देखिए पनि प्रदर्शनका लागि दक्ष बनाउने कुरा सकारात्मक रुपमा लिनुपर्दछ। यसले विद्यार्थीलाई अभ्यस्त बनाउन मद्दत गर्दछ। ध्वनि प्रविधि (sound system), मुद्रा, पोशाक, मञ्च प्रवेशको लागि पुर्व तयारी आदि पक्ष सैद्धान्तिक रुपमा समेटिएकोले यसले मञ्चप्रदर्शनमा विद्यार्थीलाई आधारभूत पक्षको ज्ञान दिइएको छ। तवला स्वतन्त्रवादनलाई मध्यनजर गर्दै पाठ्यक्रम तयार गरिएको भएपनि यसको अतिरिक्त गायनका विविध शैली जस्तै: शास्त्रीय गायन, उपशास्त्रिय गायन, वाद्यवादन, परम्परागत सांस्कृतिक गायन, लोक सङ्गीत जस्ता विषयमा साथ-संगतको व्यवस्थाले विद्यार्थीलाई साथ-संगतको जानकारी गराउन मद्दत पुगेको देखिन्छ। तवलाका साथै नेपाली लोकवाद्यहरुको अध्ययन समेटिएकाले अतिरिक्त तालवाद्यको ज्ञान प्राप्त हुने देखिन्छ। सङ्गीतसँग सम्बन्धित मानसिक, सामाजिक, व्यवहारिक पक्षको प्रभाव, पाश्चात्य शैलीसँग सम्बन्धित सङ्गीतको आधारभूत ज्ञान, विश्वका प्रचलित सङ्गीत परम्पराको ज्ञान आदि विषयहरुले पाठ्यक्रमलाई विशेष बनाएको छ। तवलासँग सम्बन्धित विषयवस्तु जस्तै लय, लयकारी, ताल, घराना, वन्दिशआदि जस्ता विषयहरुलाई पनि उत्तिकै महत्त्वका आथ समेटिएको छ। सबै घरानाका वन्दिशहरुको ज्ञान दिने उद्देश्यले तोकेर नै सम्बन्धित घरानाका विषयवस्तुलाई समावेस गरिएको हुनाले विद्यार्थीले निश्चित परम्पराघरानाका रचनाहरूका गहन ज्ञान हासिकल गर्न सक्ने देखिन्छ। नियमित रुपमा Paper Presentation र Assignment मार्फत विद्यार्थीलाई पाठ्यवस्तुसँग संलग्न गराइरहने उद्देश्य राखिएको छ। हाजिरीको लागि छुट्टै मूल्याङ्कन राखिएकोले विद्यार्थी नियमित कक्षामा उपस्थित गराउने नीति लिएको छ, तापनि प्रशासनिक तदारुकता देखिएको भने छैन। स्वतन्त्र तवला वादनका लागि विषम मात्राका तालमा अनिवार्य वादन गर्नुपर्ने नियमले विद्यार्थीमा दक्षता विकासको सम्भावना धेरै रहेको छ।

थुप्रै सकारात्मक पक्षहरू हुँदाहुँदै पनि यसका केही कमजोर पक्षहरू पनि रहेका छन्। स्थापनाको पन्ध्रौं वर्षसम्म आइपुग्दा पनि ललितकला केन्द्रीय विभाग आफ्नै स्रोत र साधनमा मात्र चल्नुपर्ने अवस्था छ। तवला विषयमा स्थायी रूपमा अध्यापन गराउन जनशक्ति नरहेको हुँदा जनशक्ति व्यवस्थापनको कठिनाइका कारण पाठ्यक्रमले राखेको उद्देश्य पूरा गर्न ठूलो चुनौतीको सामना गरिरहेको छ। हालको व्यवस्था अनुसार स्नातक तहमा तवला अध्ययन नगरेका विद्यार्थी पनि स्नातकोत्तरमा तवला विषय लिएर भर्ना हुन सक्ने नियमले गर्दा तवला विषयसँग सम्बन्धित पूर्ण योग्यताको स्पष्ट किटान नभई यसरी भर्ना हुने विद्यार्थीको गुणस्तर कमजोर हुने सम्भावना अधिकतम देखिन्छ। त्यस्ता विद्यार्थीलाई पाठ्यक्रममा रहेका घराना–विशेष वन्दिश विषयहरूमा निर्धारित तालमा वादन तथा स्नातकोत्तर तहको गुणात्मक ज्ञान सिक्न–सिकाउन कठिन देखिन्छ। विशेषगरी सैद्धान्तिक पक्षमा तवलाका विद्यार्थीहरूले गायन–वादनसँगै संयुक्त रूपमा सिक्नुपर्ने हुँदा त्यसको आधारभूत ज्ञानको कमिले कठिनाइ उत्पन्न हुने देखिन्छ। यस अर्थमा तबला वा गायनमा स्नातक नभएका विद्यार्थीलाई मध्यनजर गर्दै सङ्गीतशास्त्र विषयमा स्नातकोत्तर तहको ब्यवस्था भएमा भविष्यमा नेपालको सङ्गीतकला विषयमा उच्च अध्ययन–अनुसन्धान गर्ने परिपाटिमा बढोत्तरी हुने कुरामा कुनै शङ्का छैन।

स्नातकोत्तर तहको पाठ्यक्रमको रूपरेखा अनुसार वाध्यात्मक रूपमा अन्य साङ्गीतिक विषयवस्तुहरूका अध्ययन गर्नुपर्ने बाध्यात्मक व्यवस्थाले मुख्य विषय तवलाको अध्ययनमा विद्यार्थीको ध्यान विचलित हुने समस्या देखिएको छ। स्नातकोत्तर तहमा एउटा मुख्य विषयमा केन्द्रित भई अध्ययन हुनुपर्ने र सो विषयसँग सम्बन्धित

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 2.**
Double Blind Peer Reviewed Research Article

विषयहरू मात्र पाठ्यक्रममा समेटेर गुणात्मक पक्षमा ध्यान दिनुपर्नेमा त्यसो नभइ पाठ्यक्रममा धेरै विषयवस्तु समेटिएका छन् । पाश्चात्य सङ्गीत, लोकसङ्गीत, परम्परागत सङ्गीत तथा साथ–संगतका विषयहरू समावेश गरिँदा विद्यार्थीको अध्ययन केन्द्रितभन्दा विविधतामा उन्मुख भएको देखिन्छ । यसले गर्दा मुख्य विषयका विषयवस्तुहरू ओझेलमा पर्ने अवस्था सिर्जना भएको छ तापनि विश्वपरिवेशमा त्रि विको सङ्गीतकलाको पाठ्यक्रमलाई मिलान गर्दै लैजानु पर्ने अवस्थाका कारण पनि हालको जस्तो मिश्रित किसिमको पाठ्यक्रमको योजना र कार्यान्वयन भएको हुनसक्दछ ।

यी विविध विषयको अध्ययन गराउने दक्ष जनशक्तिको व्यवस्था गर्न चुनौतीपूर्ण रहेकाले यी विषयहरूको अध्ययन सतही रूपमा एउटै जनशक्तिबाट गराउनु पर्ने हुँदा गुणस्तर कायम गर्न कठिनाइ पर्दछ। सङ्गीत आफैमा दीर्घ साधनद्वारा सिद्ध हुने विषय हो अझ तवला विषय अत्यन्त कठिन विषय भएकोले थोरै समयमा विषय वस्तुका हिसाबले धेरै विषय समेटिएकाले दक्ष तवलावादक उत्पादन गर्ने लक्ष्य चुनौतीपूर्ण देखिन्छ। “तवला वादन सिक्न एवं सङ्गीतअन्तर्गतका विभिन्न विधाहरू उपयुक्त किसिमबाट वादन गर्नका लागि समयको लगानी गर्नुपर्दछ। केवल संस्थामा सिकेको आधारमा उत्कृष्ट तवलावादक बन्ने सम्भावना कम रहन्छ” (ढकाल, 2023 ) । संस्थागत शिक्षणमा दैनिक रूपमा वर्सौंसम्म तबलाको साधनामा लिन रहने अवस्था न्युन हुने तथा अन्य विषयवस्तुमा पनि विद्यार्थीले अनिवार्य रूपमा समय दिनुपर्ने भएकोले विद्यार्थी एक कुशल कलाकार हुन सक्ने सम्भावना कम नै रहन्छ ।

## सुझाव

सङ्गीत विषय समितिको निर्णयअनुसार स्नातकोत्तर तह प्रवेश विन्दुका लागि Bridge Course को व्यवस्था हुनुपर्ने उल्लेख भए तापनि हाल विभागद्वारा Bridge Course को व्यवस्था लागु गरिएको छैन, केवल प्रवेश परीक्षालाई आधार मानेर विद्यार्थी भर्ना गर्ने गरिएकोमा विभागले स्नातकमा तवला नसिकेका विद्यार्थीलाई अनिवार्य Bridge Course लागू गर्नुपर्दछ । यसले स्नातकोत्तरको गुणस्तर कायम गर्न ठूलो मद्दत पुग्नेछ । Attendance मूल्याङ्कन व्यवस्था भएपनि काम गर्दै पढ्ने विद्यार्थी नियमित उपस्थित हुन नसक्ने हुँदा सो को वैकल्पिक व्यवस्था वा attendance को व्यवस्था कडाईका साथ लागू गर्नुपर्दछ। तवला विषयका लागि अनिवार्य लहरा साथ संगतको व्यवस्था हुनुपर्दछ। तवला मञ्चकलाको विषय भएकोले मञ्चप्रदर्शनलाई प्राथमिकतामा राखेर सो को आन्तरिक मूल्यांकनको व्यवस्था अनिवार्य गर्नुपर्दछ । त्रि.वि.ले ललितकला जस्तो विषयलाई विशेष प्राथमिकता राखेर विभाग सञ्चालनको स्रोतको र विषय विज्ञको व्यवस्था पूर्ण रुपमा त्रि. वि.ले व्यवस्थापन गर्नुपर्दछ। Paper presentation र assignment लाई प्रभावकारी रूपमा लागू गर्नुपर्दछ। एउटै पाठ्यक्रममा धेरै विषयवस्तु समेटेर विविधता दर्शाउनुभन्दा सङ्गीतसँग सम्बन्धित पक्षहरू जस्तै सङ्गीतशास्त्र पक्ष (musicology), संगत पक्ष, लोक सङ्गीत पक्ष, लोकवाद्य पक्ष, पश्चात् सङ्गीत, परम्परागत सङ्गीत आदि जस्ता विषयहरूलाई छुट्टाछुट्टै स्नातकोत्तर कार्यक्रम (specific master program) सान्दर्भिक हुन्छ, जसले विद्यार्थीलाई एउटै विषयमा केन्द्रित गराइन्छ, विषय विज्ञको हिसाबले पनि सम्बन्धित विज्ञलाई कार्यक्रम जिम्मा दिन सकिन्छ र यसले सङ्गीत क्षेत्रलाई अझ फराकिलो बनाउँदै थुप्रै सम्भावनाहरूको ढोका खोल्न मद्दत पुग्दछ, जुन आजको आवश्यकता पनि हो ।

## निष्कर्ष

त्रि.वि.द्वारा तवला विषयमा स्नातक र स्नातकोत्तर कार्यक्रम सञ्चालन हुनु आफैमा गौरवको विषय हो । यस सम्बन्धमा सम्बन्धित ब्यक्ति, निकायले जे जति गरेका छन् त्यो हाम्रो जस्तो विकासोन्मुख देखको लागि सकारत्मक पक्ष हो । सङ्गीत र विशेषगरी तवलासँग आवद्ध विद्यार्थीहरूको लामो समयको पहल र माग अनुसार तवला विषय अध्ययन अध्यापन सुरु गरिनुबाट तवला उच्च शिक्षाको लागि विशेषत: भारतका विश्वविद्यालय जानुपर्ने वाध्यता अन्त्य भएको छ । अन्य विषयको तुलनामा तवला विषय अप्रचलित र कठिन छ । स्नातकोत्तर तहमा न्यून विद्यार्थी संख्या प्रमुख चुनौतीको रूपमा देखा परेको छ । तवलाको औपचारिक अध्ययनमा प्रवेश गरेसँगै विद्यार्थीले लामो समय साधना र धैर्य गर्नुपर्ने हुन्छ, तर प्रायः जसो विद्यार्थीहरू बिचमै पलायन हुने क्रमले यसमा थप चुनौती थपेको छ । यो विषयमा छुट्टै अनुसन्धान आवश्यक छ । सांगीतिक क्षेत्रमा रोजगारीको लागि तवलाको ज्ञान र पाठ्यक्रमको विषयवस्तुमा कति समन्वय भएको छ? यो अर्को अनुसन्धानको विषय हुनसक्छ । यस लेखले भविष्यमा पाठ्यक्रम संशोधन गर्दा विषय विज्ञलाई सहयोग पुग्नेछ र तवला विषयले निरन्तरता पाउने छ भन्ने अपेक्षा राखेको छ । नेपालका विषय विज्ञहरुद्वारा नेपाली सङ्गीतको थुप्रै विषयवस्तु समेटेर तयार पारेका पाठ्यक्रमले नेपालमै विकासित सङ्गीत परम्पराको जगेर्ना गर्न ठूलो मद्दत पुग्ने देखिन्छ । यी विषयहरूमा दर्शनाचार्य तथा विद्यावारिधि जस्ता अनुसन्धानत्मक कार्यक्रमले यी विषयहरूका अध्ययन र अनुसन्धानको क्षेत्रलाई फराकिलो पार्दै लैजाने निश्चित छ ।

**सन्दर्भ सामग्री**

ढकाल, वैंकटेश (सन् २०२३), तवलावादनको क्षेत्रमा लगानी एवम् प्रतिफलःनेपालको सन्दर्भमा*, journal of fine arts campus, 5.(1).*

ढुङ्गाना, रामचन्द्र (२०५७), *संक्षिप्त नेपाली कोष*, काठमाडौं: साझा प्रकाशन ।

मिश्र, छोटेलाल (सन् २००६*),ताल प्रबन्ध*, नयाँ दिल्ली, कनिष्क पव्लिशर्स ।

पौडेल, परशुरामप्रसाद (२०८२), *तवला व्याख्या एवं विश्लेषण,* काठमाडौं, अतुल स्मृति गुरुकुल ।

रेग्मी, ध्रुवेशचन्द्र (२०८०*), नेपाली सङ्गीत दरबार*, काठमाडौं, बुकहिल ।

वेलबासे, नारायण (सहलेखन) (२०७४), *पाठ्यक्रम र मूल्याङ्कन*, काठमाडौं: शुभकामना प्रकाशन ।

श्रीवास्तव, हरिश्चन्द्र (सन् २००६) *सङ्गीत निबन्ध संग्रह*, इलाहवाद: सङ्गीत सदन प्रकाशन ।

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com